# एमेच्योर रेडियो सञ्चालन मापदण्ड (अपरेटिङ्ग स्टाण्डर्ड), २०८२

**प्रस्तावनाः** एमेच्योर रेडियो कन्ट्रोल अपरेटर तथा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्सको तह र श्रेणी निर्धारण, परीक्षा प्रणाली, रेडियो फ्रिक्वेन्सीहरुको प्रयोग र अपरेटिङ्ग स्टाण्डर्ड तय गर्न आवश्यक भएकोले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम ६ को उपनियम (३) बमोजिम यो मापदण्ड बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "एमेच्योर रेडियो सञ्चालन मापदण्ड (अपरेटिङ्ग स्टाण्डर्ड), २०८२" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मापदण्डमा,-

(क) "ऐन" भन्नाले रेडियो ऐन, २०१४ सम्झनु पर्छ ।

(ख) "एमेच्योर रेडियो कन्ट्रोल अपरेटर" भन्नाले एमेच्योर रेडियो सञ्चालनको लागि उपकरण सहितको लाइसेन्स प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ग) "एमेच्योर रेडियो सञ्चालक" भन्नाले एमेच्योर रेडियो सञ्चालनको लागि उपकरण बाहेकको लाइसेन्स प्राप्त व्यक्ति सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(च) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभाग सम्झनु पर्छ।

(छ) "समिति" भन्नले दफा ४ बमोजिमको परीक्षा व्यवस्थापन समिति सम्झनु पर्छ।

३. **परीक्षा सञ्चालन गर्नुपर्नेः** एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स प्रदान गर्न तथा प्राप्त लाइसेन्सको स्तरवृद्धि (अपग्रेड) गर्नको लागि मन्त्रालयले हरेक आर्थिक वर्षमा परीक्षा सञ्चालन गर्न सक्नेछ।

४. **परीक्षा व्यवस्थापन समितिः** (१) दफा (२) बमोजिमको परिक्षा सञ्चालन गर्न मन्त्रालयमा देहाय बमोजिमको परीक्षा व्यवस्थापन समिति रहनेछः-

(क) सहसचिव (प्रा.), फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा -संयोजक

(ख) उपसचिव (प्रा.), फ्रिक्वेन्सी व्यवस्थापन तथा विश्लेषण शाखा - सदस्य

(ग) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा -सदस्य

(घ) विज्ञ, एमेच्योर रेडियो कन्ट्रोल अपरेटर/सञ्चालक -सदस्य

(ङ) अधिकृत स्तरको प्राविधिक प्रतिनिधि, नेपाल प्रहरी -सदस्य

(च) अधिकृत स्तरको प्राविधिक प्रतिनिधि, सूचना तथा प्रसारण विभाग -सदस्य

(छ) इलेक्ट्रोनिक इन्जिनियर, फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले परीक्षा सञ्चालनका लागि आवश्यकता अनुसार विज्ञहरु आमन्त्रण गर्न सक्नेछ।

MoCIT

५. **समितिको काम, कर्तब्य र अधिकारः** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने,

(ख) प्रश्नपत्र निर्माण तथा परिमार्जन गर्ने,

(ग) परीक्षा सञ्चालन गर्न जनशक्ति व्यवस्थापन गर्ने,

(घ) उत्तरपुस्तिका परीक्षण गराउने,

(ङ) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(च) नतिजा प्रकाशन गरी लाईसेन्सको लागि विभागमा सिफारिस गर्ने।

६. **पाठ्यक्रम निर्माणः** विशेषज्ञको राय सुझाव समेत लिई एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालन सम्वन्धी विषय समावेश भएको पाठ्यक्रम दफा ५ बमोजिमको समितिले निर्माण तथा परिमार्जन गरी स्वीकृतीको लागि मन्त्रालय समक्ष पेश गर्नेछ ।

७. **प्रश्नपत्र निर्माणः** (१) लिखित परीक्षामा सोधिने प्रश्नपत्र निर्माण गर्न समितिले विषय विज्ञ मनोनयन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विज्ञलाई प्रश्नपत्र निर्माण गर्न समितिले पाठ्यक्रम, पुराना र नमूना प्रश्नपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रश्नपत्र निर्माण गर्दा विषय विज्ञले गोपनीयतामा ध्यान पुऱ्याउनु पर्नेछ।

(४) प्रश्नपत्र निर्माण गर्दा परीक्षार्थीको दक्षतालाई विशेष ध्यान दिनु पर्नेछ।

(५) बस्तुगत बहुउत्तर प्रश्नहरु र विषयगत प्रश्नहरुका लागि पाठ्यक्रममा तोकिएको अंकभार बमोजिम प्रश्नपत्रहरु निर्माण गरिनेछ।

(६) बस्तुगत बहुउत्तर प्रश्न निर्माण गर्दा स्पष्ट जबाफ आउने बहु वैकल्पिक प्रश्न निर्माण गरिनेछ।

(७) बिषयगत प्रश्न निर्माण गर्दा दुई वटा पाँच-पाँच अंकभार हुने गरी सो बिषय सम्बन्धी बोध, प्रयोग, विश्लेषण गर्न सकिने गरी छोटो उत्तर आउने प्रश्नहरु निर्माण गर्नु पर्नेछ।

८. **प्रश्नपत्र परिमार्जनः** (१) दफा ७ बमोजिम प्रश्नपत्र निर्माण भई प्राप्त भए पश्चात परिमार्जनका लागि समितिको सिफारिशमा विषय विज्ञ मनोनयन गर्नु पर्नेछ।

(२) विषय विज्ञले देहायको आधारमा दुई सेट प्रश्नपत्र तयार गरी शिलबन्दी गरी समिति समक्ष दिनु पर्नेछ र समितिले सुरक्षित राख्नु पर्नेछ।

(क) पाठ्यक्रम बमोजिम सबै इकाईबाट प्रश्नहरु समावेश गर्नु पर्नेछ।

(ख) पाठ्यक्रम भन्दा बाहिरका प्रश्नहरु राख्न पाइने छैन।

(ग) परीक्षामा सोधिने प्रश्नहरु मध्ये उत्तर दिनु पर्ने प्रश्नको संख्या, उत्तर दिने समय, पूर्णाङ्क र प्रत्येक प्रश्नको अंकभार स्पष्ट रुपले उल्लेख गर्नु पर्नेछ।

(घ) पाठ्यक्रममा तोकिएको समयभित्र परिक्षार्थीले उत्तर लेख्न सक्ने किसिमको प्रश्नहरुको छनौट गर्नु पर्नेछ।

MoCIT

(ङ) विषय विज्ञले भाषागतरुपमा स्तरीय बनाउन आवश्यक भएमा प्रश्नको मनसाय नबिग्रने गरी मिलाउने तथा आवश्यक भएमा छुट्टै प्रश्न निर्माण गर्न सक्नेछ।

९. **प्रश्नपत्रको छपाईः** (१) प्रश्नपत्र छपाई सम्बन्धी कार्य देहाय वमोजिम गर्नु गराउनु पर्नेछः-

(क) समितिको संयोजकले दफा ८ बमोजिम परिमार्जन भई आएको दुई सेट प्रश्नपत्र मध्ये कुनै एक सेट प्रश्नपत्र छनौट गर्नु पर्नेछ।

(ख) सिलबन्दी प्रश्नपत्र सेटको खाम टाइप गर्नु अघि मुचुल्का गरी खोल्नु पर्नेछ।

(ग) लिखित परीक्षाको प्रश्नहरु छ्यासम्यास (Shuffle) गरी परिवर्तन नहुने गरी तयार गर्नु पर्नेछ। (जस्तै A-i, A-ii)

(घ) परीक्षामा वितरण गर्न आवश्यक संख्यामा प्रश्नपत्रहरु छपाई गरी शिलबन्दी गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम छपाई कार्य सम्पन्न भए पछि प्रश्न राखिएको खामको बाहिर प्रश्न पत्रको संख्या, लिखित, प्रयोगात्मक र परीक्षा हुने मिति उल्लेख गरी लाहाछाप लगाई बन्द गर्नु पर्नेछ।

(३) शिलबन्दी प्रश्नपत्र मुचुल्का गरी खोली वितरण गर्नु पर्नेछ ।

१०. **सूचना प्रकाशन गर्नेः** (१) मन्त्रालयले समितिको सिफारिशमा एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स लिन चाहने व्यक्तिको लागि देहायको विवरण खुलाई राष्ट्रियस्तरको पत्रिकामा दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) दरखास्त बुझाउने अन्तिम म्याद,

(ख) दरखास्त बुझाउने स्थान,

(ग) दरखास्तको ढाँचा,

(घ) दरखास्त साथ बुझाउनु पर्ने कागजात,

(ङ) वस्तुगत बहुउत्तर परीक्षा तथा विषयगत परीक्षाका उत्तरपुस्तिकाको ढाँचा,

(च) परीक्षा हुने दिन, समय र स्थान,

(छ) परीक्षा दस्तुर र

(ज) आवश्यक अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभ साइडमा समेत राख्नु पर्नेछ।

११. **परीक्षा दस्तुरः** एमेच्योर रेडियो कन्ट्रोल अपरेटरको लागि परिक्षार्थीले चार सय रुपैयाँ बुझाएको भौचर संलग्न गरी तोकिएको अवधि भित्र दरखास्त पेश गर्नु पर्नेछ।

१२. **दरखास्त स्वीकृत गर्न सक्नेः** (१) समितिले नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ग) बमोजिम परेको दरखास्त आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्नेछ।

MoCIT

(२) उपदफा (१) बमोजिम दरखास्त स्वीकृत भएमा परीक्षार्थीको फोटोमा पर्ने गरी समितिले तोकेको अधिकृतले दस्तखत गरी रोल नं. (आ.व.) र परीक्षा संख्या खुलेको प्रवेशपत्र दिनु पर्नेछ र त्यसको एक प्रति मन्त्रालयमा सुरक्षित राख्नु पर्नेछ।

(३) दरखास्त अस्वीकृत भएमा कारण खुलाई सम्बन्धित ब्यक्तिलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको कामको लागि समितिले समितिको सदस्य सचिव वा अधिकृत कर्मचारीलाई जिम्मेवारी तोक्न सक्नेछ।

१३. **लिखित परीक्षाको व्यवस्थापनः** समिति वा समितिले तोकेको कर्मचारीले लिखित परीक्षाको सञ्चालन देहाय वमोजिम गर्नु पर्नेछः-

(क) परीक्षार्थीको संख्याको अनुपातको आधारमा परीक्षा भवनको व्यवस्था गर्ने,

(ख) दरखास्त दिने परीक्षार्थीको अन्तिम नामावली तयार गर्ने,

(ग) आवश्यक हाजिर कपी, उत्तरपुस्तिका लगायत अन्य समाग्री व्यवस्था गर्ने,

(घ) परीक्षा सञ्चालन गर्न परीक्षा नियन्त्रक, समन्वयकर्ता, सुपरिवेक्षक, कार्यालय सहयोगी, सवारी चालक, सुरक्षा गार्ड लगायतका आवश्यक कर्मचारीको व्यवस्था मिलाउने।

१४. **लिखित परीक्षा सञ्चालनः** (१) लिखित परीक्षा सञ्चालन हुने प्रत्येक कोठामा रहने परीक्षार्थीहरुको नाम, थर र रोल नं. सम्बन्धित कोठा बाहिर प्रष्ट देखिने गरी टाँस गर्नु पर्नेछ।

(२) कुनै परीक्षार्थीले प्रवेशपत्र ल्याउन छुट भएको व्यहोरा उल्लेख गरी निवेदन दिएमा कार्यालयमा रहेको प्रवेशपत्रसँग निजको दस्तखत र अन्य विवरण समेत भिडाउदा दुरुस्त भएमा परीक्षा नियन्त्रकले परीक्षामा सामेल गराउन सक्नेछ।

१५. **परीक्षा केन्द्रमा प्रवेश गर्नेः** (१) परीक्षार्थीले परीक्षा शुरू हुने समय भन्दा पन्ध्र मिनेट अगाडि परीक्षा केन्द्रमा प्रवेश गरिसक्नु पर्नेछ र परीक्षा शुरु भएको बीस मिनेट भन्दा ढिलो आउने परीक्षार्थीलाई परीक्षा केन्द्रमा प्रवेश गर्न दिईने छैन।

(२) उपदफा (१) मा उल्लेख भएको अवधि व्यतित भएको २० मिनेट पछि मात्र परीक्षा छाडी परीक्षा भवन बाहिर जान सकिनेछ ।

(३) प्रयोगात्मक परीक्षा (Morse Code - listening) को हकमा परीक्षा शुरु भए पश्चात कुनै परीक्षार्थीलाई प्रवेश गर्न दिईने छैन।

१६. **परीक्षा नियन्त्रकको काम, कर्तव्य र अधिकारः** (१) परीक्षा नियन्त्रकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परीक्षामा खटिने कर्मचारीको व्यवस्थापन गर्ने,

(ख) परीक्षामा आवश्यक पर्ने श्रोत साधन व्यवस्थापन गर्ने,

(ग) परीक्षामा आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,

(घ) परीक्षाको गोपनीयता कायम गर्ने,

(ङ) परीक्षासँग सम्बन्धित अन्य कार्य गर्ने ।



MoCIT

१७. **<u>परीक्षामा अनियमित गर्ने उपर हुने कारवाही</u>**: (१) कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा अनियमितता गरे गराएको पाईएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थीलाई केन्द्रबाट निष्काशन गर्न सक्नेछ। यसरी निष्काशन गर्दा सोको कारण उल्लेख गरी समितिमा प्रतिवेदन दिनु पर्नेछ।

(२) परीक्षा केन्द्रमा खटिएका कुनै कर्मचारीले परीक्षा केन्द्रमा असहयोग गरेमा वा कुनै परीक्षार्थीलाई अनुचित फाइदा पुर्याउने काम गरेमा केन्द्राध्यक्षले त्यस्तो कर्मचारीलाई केन्द्रबाट निष्काशन गर्न सक्नेछ। यसरी निष्काशन गरिएकोमा सोको कारण उल्लेख गरी मन्त्रालयमा प्रतिवेदन दिनु पर्नेछ।

१८. **<u>प्रश्न वा उत्तर सम्बन्धी उजुरी</u>**: (१) परीक्षामा सोधिएको प्रश्न वा उत्तर गलत भएको भनी कुनै परीक्षार्थीले उजुरी दिन चाहेमा परीक्षा सकिएको सात दिन भित्र समितिमा उजुरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा समितिले आवश्यकता अनुसार सम्बन्धित दक्ष वा विज्ञको सहयोग लिई छानबीन गर्नेछ।

(३) उपदफा (२) बमोजिम छानबीन गर्दा प्रश्न वा उत्तर गलत भएको प्रमाणित नभएमा उजुरीकर्तालाई सोको जानकारी गराउनेछ।

(४) उपदफा (२) बमोजिम छानबीन गर्दा प्रश्न वा उत्तर गलत भएमा समितिले उक्त प्रश्न वा उत्तरको अंकभार अन्य प्रश्नउत्तरमा बराबर हुने गरी थप गर्न सक्नेछ ।

१९. **<u>उत्तरपुस्तिका परीक्षण गर्न पठाउने</u>**: (१) समितिले उत्तरपुस्तिका जाँच गर्ने विषय विज्ञको छनौट गरी परीक्षणको लागि उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाममा भएको उत्तरपुस्तिकाको संख्या, स्टिकर (Marks foil ) सहित जाँचको लागि पठाउनु पर्नेछ।

(२) विषय विज्ञले उत्तरपुस्तिका प्राप्त भएको मितिले सात दिन भित्र जाँच गरी स्टिकर (Marks foil) सहित उत्तरपुस्तिका फिर्ता गर्नु पर्नेछ।

(३) समितिले परीक्षण गरेको उत्तरपुस्तिकाको संख्या ठीक छ वा छैन हेरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

२०. **<u>परीक्षकले ध्यानदिनु पर्ने कुराहरु</u>**: (१) उत्तरपुस्तिका जाँच गर्ने परीक्षकले देहाय बमोजिमका कुराहरुमा ध्यान दिनु पर्नेछः-

(क) उत्तरपुस्तिकाको सख्या, बिषय आदि उल्लेख भए नभएको यकिन गर्ने र नभएको पाइएमा २४ घण्टाभित्र समितिलाई जानकारी गराउने,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा रातो मसी प्रयोग गरी अंकभार उत्तरपुस्तिकामा उल्लेख गर्ने,

(ग) उत्तरपुस्तिकामा प्रदान गरिएको अंकमा केरमेट भएमा परीक्षकले अक्षरमा लेखी दस्तखत समेत गर्नु पर्ने,

(घ) परीक्षार्थीले प्राप्त गरेको अंकहरु जोडी प्रत्येक परीक्षार्थीले प्राप्त गरेको कुल अंक टेबुलेशन गर्ने,

(ङ) उत्तीर्ण हुने परीक्षार्थीहरुको रोल न. (नाम खुल्ने गरी) को क्रमानुसार नतिजा प्रकाशनको लागि विवरण तयार गरी पेश गर्ने ।

२१. **<u>प्रयोगात्मक परीक्षा सञ्चालन</u>**: (१) प्रयोगात्माक परीक्षा (Morse Code- listening) पाठ्यक्रममा उल्लेख भए बमोजिम सञ्चालन गर्नु पर्नेछ।

MoCIT

(२) प्रयोगात्मक परीक्षाका लागि निर्धारित दिन वा सिफ्टमा कुनै उम्मेदवार अनुपस्थित भएमा सो परीक्षाको अन्य सिफ्ट रहेको अवस्थामा अनुपस्थित परीक्षार्थीले मनासिव कारण सहित निवेदन दिएमा निजलाई अन्य सिफ्टको परीक्षामा सामेल गराउन सकिनेछ ।

(३) प्रयोगात्मक परीक्षा सञ्चालन गरिने Audio System को परीक्षण गर्न आवश्यक कर्मचारी तथा विज्ञलाई जिम्मा दिन सकिनेछ ।

२२. **विभागमा सिफारिस गर्नु पर्ने:** समितिले उत्तरपुस्तिका जाँच र प्रयोगात्मक परीक्षा समेतको नतिजा प्रकाशन गरी लाईसेन्सको लागि विभागमा सिफारिस गर्नु पर्नेछ।

२३. **लाईसेन्सको लागि निवेदन दिनु पर्ने:** यस मापदण्ड अनुसार परीक्षा उतिर्ण गरेका परीक्षार्थीले परीक्षाफल प्रकाशन भएको मितिले छ महिना भित्र लाईसेन्स प्राप्त गर्न विभाग समक्ष निवेदन दिई सक्नु पर्नेछ। सो अवधि पश्चात प्राप्त निवेदन मान्य हुने छैन।

२४. **विदेशी नागरिकको लाईसेन्स:** विदेशी नागरिकको हकमा सो व्यक्तिले नागरिकता प्राप्त गरेको देशको कानून बमोजिम प्राप्त गरेको लाईसेन्समा उल्लेख गरे बमोजिम विभागले नियमावली बमोजिम निवेदन प्राप्त गरी लाइसेन्स जारी गर्न सक्नेछ।

२५. **लाइसेन्सको तह र श्रेणी तथा रेडियो फ्रिक्वेन्सीको प्रयोग:** एमेच्योर रेडियो राख्न वा प्रयोग गर्नको लागि एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स प्रदान गर्ने प्रयोजनको लागि लिइने परीक्षाको नतिजा अनुसारको लाइसेन्सको तह र श्रेणी तथा रेडियो फ्रिक्वेन्सीहरुको प्रयोग सम्बन्धी अपरेटिङ स्टाण्डर्ड अनुसूची -१ बमोजिम हुनेछ।

२६. **एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकलाई लाईसेन्स प्रदान गरिने:** नियमावली र यस मापदण्ड अनुसारको प्रक्रिया पूरा गरेको व्यक्तिलाई एमेच्योर व्याण्डका फ्रिक्वेन्सीहरु प्रयोग गर्ने गरी रेडियो प्रविधिको अन्वेषण, आत्म-शिक्षा, अन्तर-सञ्चार, आपतकालिन सञ्चार तथा विपद व्यवस्थापनका लागि ऐन बमोजिम विभागबाट लाईसेन्स प्रदान गरिनेछ।

२७. **परीक्षामा खटिने कर्मचारी र पारिश्रमिकः** एमेच्योर रेडियो परीक्षाको लागि खटिने कर्मचारी र निजको पारिश्रमिक लोक सेवा आयोगबाट निर्धारण गरिए बमोजिम हुनेछ।

२८. **मापदण्डको व्याख्याः** यस मापदण्डको कार्यान्वयनका क्रममा कुनै द्विविधा वा वाधा अड्चन परेमा सोको व्याख्या मन्त्रालयले गर्नेछ।

MOCIT

## अनुसूची-१

### (दफा ३ सँग सम्बन्धित)

### अपरेटिङ स्टाण्डर्ड

१. **<u>लाइसेन्सको तह र श्रेणी</u>**:- एमेच्योर रेडियो कन्ट्रोल अपरेटर तथा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्सको लागि सञ्चालित लिखित परीक्षामा प्राप्त अंक र मोर्सकोड बुझ्न सक्ने गती (listening) क्षमताको अधारमा देहाय बमोजिम लाइसेन्सको वर्गिकरण (श्रेणीहरु) कायम गरिनेछ।

| **क्र.स.** | **एमेच्योर रेडियो लाइसेन्सको श्रेणी** | **लिखित परीक्षामा प्राप्त गर्नु पर्ने न्यूनतम अंक** | **Morse Code को गति** | **कैफियत** |
|---|---|---|---|---|
| १. | उत्कृष्ट श्रेणी | ४० % | दश शब्द प्रति मिनेट | Advanced level (उत्कृष्ट र सामान्य श्रेणी) को लागि परीक्षा समितिले छुट्टै syllabus तयार गरी सञ्चालन गर्नु पर्नेछ। |
| २. | सामान्य श्रेणी | ४० % | पाँच शब्द प्रति मिनेट | |
| ३. | शिकारू श्रेणी | ४० % | मोर्स कोड आवश्यक नपर्ने | Basic level (शिकारू श्रेणी) को लागि परीक्षा समितिले syllabus तयार गरी सञ्चालन गर्नु पर्नेछ। |

२. **<u>रेडियो फ्रिक्वेन्सीको प्रयोग</u>**: अनुसूची-१ को बुँदा नं.१ मा कायम गरिएको लाइसेन्स श्रेणीहरुमा देहाय बमोजिम फ्रिक्वेन्सी ब्याण्ड तथा पावरको सिमाभित्र रही रेडियो यन्त्र प्रयोग गर्न सकिनेछ।

| क्र.स. | लाइसेन्सको प्रकार | फ्रिक्वेन्सी ब्याण्ड | अधिकतम पावर | कैफियत |
|---|---|---|---|---|
| १. | उत्कृष्ट श्रेणी | 135.7-137.8 KHz (S)*<br>1800-1850 KHz<br>1950-2000 KHz<br>3575-3585 KHz<br>7000-7100 KHz<br>10100-10150 KHz (S)*<br>14000-14300 KHz<br>18068-18168 KHz<br>21000-21450 KHz<br>24890-24990 KHz<br>28000-29700 KHz<br>50000-54000 KHz<br>144-146 MHz<br>434-434.5 MHz<br>438.5-439 MHz<br>1260-1270 MHz(S)† | १ वाट<br><br>५०० वाट<br><br><br><br><br><br><br><br><br><br>१० वाट | |

MOCIT

| | | | | |
|---|---|---|---|---|
| २. | सामान्य श्रेणी | 1800-1850 KHz<br>1950-2000 KHz<br>3575-3585 KHz<br>7000-7100 kHz<br>10100-10150 KHz(S) *<br>14000-14300 KHz<br>18068-18168 KHz<br>21000-21450 KHz<br>24890-24990 KHz<br>28000-29700 KHz<br>50000-54000 KHz<br>144-146 MHz<br>434-434.5 MHz<br>438.5-439 MHz | १०० वाट<br><br><br><br><br><br><br><br><br><br>१० वाट | |
| ३. | शिकारू श्रेणी | 144-146 MHz<br>434-434.5 MHz<br>438.5-439 MHz | १० वाट | |

**नोटः**

(क) ITU Radio Regulations को Table of Frequency Allotment मा AMATEUR, FIXED, MOBILE लाई Primary Basis समान रुपमा रहेका फ्रिक्वेन्सी ब्याण्डहरु मन्त्रालयको स्वीकृतिमा एमेच्योर रेडियो सञ्चालनको लागि प्रयोग गर्न पाइनेछ। Secondary Basis मा रहेका फ्रिक्वेन्सी ब्याण्डहरुको प्रयोग गर्दा अन्य Primary basis मा रहेका सेवालाई प्राथमिकता दिनु पर्नेछ र अन्य प्रयोगकर्तालाइ वाधा नपर्ने गरी प्रयोग गर्नुपर्नेछ। अन्य प्रयोगकर्तालाइ वाधा परेमा रहेका फ्रिक्वेन्सीको प्रयोग तुरुन्त बन्द गर्नु पर्नेछ।

(ख) रिपिटर स्टेशनको हकमा संस्थागत रुपमा लाइसेन्स माग भएमा स्वीकृति दिन सकिनेछ।

(ग) विदेशी नागरिकहरुको हकमा ITU Radio Regulations को Region 3 को लागि छुट्टाइएको ब्याण्डमा मात्र सञ्चालन गर्ने गरी स्वीकृति दिन सकिनेछ।

(घ) एमेच्योर रेडियो प्रयोग गर्दा लक्षित सञ्चार सूचारु रुपमा सम्पन्न गर्न सम्भव हुने गरी यथासम्भव कम पावरको प्रयोग गर्नु पर्नेछ ।

(ङ) Earth-Moon-Earth (EME) Mode मा प्रयोग तथा अन्य परीक्षण गर्दा पूर्व स्वीकृति लिएर मात्र प्रयोग गर्नु पर्नेछ। यसरी अनुमती लिएको अवस्थामा VHF र UHF band मा बढीमा ५०० वाट क्षमता सम्म प्रयोग गर्न पाइनेछ ।

३. **श्रेणी बढुवा (class upgrading) गर्नेः** (१) श्रेणी बढुवा गर्न चाहने व्यक्तिले नियमावली बमोजिमको दरखास्त दिन सक्नेछ।

(२) कुनै व्यक्तिले लाइसेन्सको श्रेणी बढुवा गर्न चाहेमा अनुसूची-१ को बुँदा नं. १ बमोजिम परीक्षामा उत्तिर्ण हुनु पर्नेछ।

(३) यो मापदण्ड लागु हुनु अघि कायम रहेको व्यवस्था बमोजिम एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको शिकारू श्रेणीको लाइसेन्स प्राप्त गरिसकेको तथा लिखित तथा प्रयोगात्मक परीक्षामा उत्तीर्ण भई शिकारू श्रेणीको लाइसेन्स प्राप्त गर्न बाँकी व्यक्तिहरुको हकमा सामान्य श्रेणी कायम गरिनेछ ।

MoCIT

(४) यो मापदण्ड लागु हुनु अघि कायम रकेको व्यवस्था बमोजिम एमेच्योर रेडियो कन्ट्रोल अपरेटरको सामान्य श्रेणीको लाइसेन्स प्राप्त गरी १० बर्ष भन्दा बढी अवधि देखि एमेच्योर रेडियो सञ्चालन गरिरहेका व्यक्तिहरुको हकमा उत्कृष्ट श्रेणी कायम गरिनेछ ।

४. <u>**कल साईन व्यवस्थापन तथा प्रदान गर्नेः**</u> (१) नेपाली नागरिकको हकमा,-

(क) 9N1 देखि 9N8 सम्मको सिरिजमा कल साईन प्रदान गरिनेछ ।

(ख) एउटा सिरिजमा सम्पूर्ण कल साईन समाप्त भै सकेपछि विद्यमान कलसाईनहरु सँग नदोहोरिने गरी क्रमशः 9N2, 9N3 आदि जारी गरिनेछ ।

(ग) कल साइन प्रदान गर्दा अनुसूची-१को बुदा नं. ४ खण्ड (१) को क्रम संख्या (क) मा उल्लेखित सिरिजमा दुई बर्णमालाको (two alphabet) कल साइन प्रदान गरिनेछ (उदाहरणको लागिः *9N1ZP*) ।

(घ) सिकारू क्षेणीका एमेच्योर रेडियो सञ्चालकलाई अनुसूची-१ को बुँदा नं. ४ को खण्ड (१) को क्रम संख्या (क) मा उल्लेखित सिरिजमा तीन बर्णमालाको (three alphabet) कल साइन (उदाहरणको लागिः *9N1AAA-9N1ZZZ*) प्रदान गरिनेछ। यस्तो रेडियो सञ्चालकहरुले माथिल्लो क्षेणीको लाईसेन्स प्राप्त गरे पश्चात खण्ड १(ग) बमोजिम कल साईन कायम गरिनेछ ।

(ङ) सामुहिक रुपमा प्रयोग गर्न स्थापना गरिने क्लब स्टेशन र रिपिटर स्टेशनहरुको लागि हाल प्रयोग भई रहेको कलसाइनलाई यथावत राख्ने र नयाँ स्टेशनहरुको हकमा कलसाईन प्रदान गरिनेछ (उदाहरणको लागिः *9N0AZ*) ।

(च) रिपिटर स्टेशनहरुले चालु रहेको अवस्थामा कम्तीमा २० मिनेटमा एक पटक आफ्नो कलसाइन स्वचालित रुपमा उद्घोषण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(छ) एमेच्योर रेडियो सञ्चालकहरुले सामुहिक रुपमा एउटै स्टेशन छोटो अवधिको लागि प्रयोग गर्न चाहेमा विभागको पूर्व स्वीकृति लिई सञ्चालन गर्न सकिने छ। यसरी एमेच्योर रेडियो प्रयोग गर्दा 9N9 कलसाईन प्रदान गरिनेछ (उदाहरणको लागिः *9N9FZ*) ।

(ज) असामान्य परिस्थिति, विपदको समयमा वा राष्ट्रिय उत्सवको समयमा विभागले एक वा एक भन्दा बढी एमेच्योर रेडियो सञ्चालकलाई त्यस्तो परिस्थिति वा अवसर झल्कने गरी तीन अक्षर भन्दा बढी १५ वटा सम्म अक्षर भएको कल साइन प्रयोग गर्न सक्ने अवधि तोकी अस्थायी रूपमा प्रदान गर्न सक्नेछ। (उदाहरणको लागिः *9N1STAYHOME, 9N1RESCUE,9N1TIHAR*) ।

(२) बिदेशी नागरिकहरुको हकमा,-

(क) निजले आफ्नो देशमा प्राप्त गरेको अनुमतीपत्रको कल साइनको अगाडी "9N" थप गर्ने (उदाहरणको लागिः ***9N/JA1PD***) ।

(ख) विदेशी एमेच्योर रेडियो सञ्चालकहरुले सामुहिक रुपमा एउटै स्टेशन छोटो अवधिको लागि प्रयोग गर्नका लागि 9N9 कलसाईन प्रदान गर्ने (उदाहरणको लागिः *9N9ZZ*) ।

(३) गैर आवाशिय नेपालीको हकमा,- विदेशमा अनुमतीपत्रको कल साइनको अगाडी "9N" थप गरी गैर आवाशिय नेपालीलाई कलसाईन प्रदान गर्ने (उदाहरणको लागिः ***9N/JA1PD***)।

MoCIT

५. **लाइसेन्सको स्वरुपः** नेपाली नागरिकले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ ले तोकिएको ढाँचाको लाइसेन्सको अतिरिक्त, तस्वीर सहितको सानो परिचयपत्र प्राप्त गर्न सक्नेछ। सो परिचयपत्र अनुसूची-२ को ढाँचामा उपलब्ध गराइनेछ ।

६. **लगबुकः** (१) एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकले एमेच्योर रेडियो स्टेशनको प्रयोगको लगबुक राख्नु पर्नेछ। HF, 50 MHz ब्याण्ड वा अन्य ब्याण्डमा नेपाल बाहिरका स्टेशनसँग अन्तराष्ट्रिय रुपमा सञ्चार गरेमा सोको लगबुक राख्नु पर्नेछ। VHF तथा UHF फ्रिक्वेन्सी ब्याण्डमा प्रयोग हुने पोर्टेबल र मोवाइल उपकरण प्रयोग गरी नेपालभित्रकै अर्को स्टेशनसग गरिएको सञ्चारको लगबुक स्वेच्छिक रुपमा राख्न सकिनेछ ।

(२) व्यक्तिगत रुपमा प्रयोग गर्ने स्टेशनमा अन्य कुनै लाइसेन्स प्राप्त व्यक्तिलाई एमेच्योर रेडियो स्टेशन प्रयोग गर्न दिदाँ सो को लगबुक अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) सामुहिक रुपमा एमेच्योर रेडियो क्लब स्टेशनमा एमेच्योर रेडियो उपकरण प्रयोग गर्न दिँदा प्रयोगको लगबुक अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(४) एमेच्योर रेडियो अपरेटर वा एमेच्योर रेडियो सञ्चालकले कलसाईन, प्रयोग स्थान, फ्रिक्वेन्सी, प्रयोगको मिति र समय तथा पठाएको र प्राप्त सन्देशको लगबुक राख्नु पर्नेछ।

७. **विशेष व्यवस्थाः** (१) दैविकप्रकोप वा आकस्मिक घटना वा देशभित्रको यात्रा वा पदयात्राको क्रममा मन्त्रालयलाई जानकारी दिई portable/mobile रेडियो यन्त्र, देश भित्र लाइसेन्समा तोकिएको स्थान भन्दा अन्य स्थानमा प्रयोग गर्न सकिनेछ र यसरी प्रयोग गर्दा स्थानीय निकायहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ।

(२) देशको कुनै भु-भागमा कुनै प्रकारको विपद आई तत्काल सञ्चार व्यवस्था सुचारु गर्नु परेको अवस्थामा अनुमती प्राप्त एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकलाई नेपाल सरकारले अनुरोध गरेको अवस्थामा त्यस्तो कार्यमा स्वयंसेवकको रुपमा एमेच्योर रेडियोको सञ्चार आफ्नै उपकरण प्रयोग गरी गर्नु पर्नेछ।

तर, आफ्नो आवासीय क्षेत्र बाहेक अन्यत्र विपद ग्रस्त क्षेत्रमा खटिनु पर्ने अवस्थामा यातायात, अस्थायी बसोबास आदी व्यवस्था त्यसो अनुरोध गर्ने निकायले गर्नु पर्नेछ।

८. **एमेच्योर रेडियो क्लब स्टेशनको स्थापना तथा सञ्चालनः** (१) मन्त्रालयले एमेच्योर रेडियो सञ्चालकहरुको संस्थालाई वा संस्थागत विद्यालय, महाविद्यालय आदि शिक्षण संस्था, स्काउट, रेडक्रस चिकित्सा केन्द्रहरु लाई एमेच्योर रेडियो क्लबको रुपमा कार्य गर्ने गरी स्वीकृति दिन सक्नेछ। एमेच्योर रेडियो क्लबको सञ्चालन, फ्रिक्वेन्सी, पावर लगायत अन्य सुविधाहरु र सञ्चालनका शर्तहरु मन्त्रालयले स्वीकृति दिँदा तोके बमोजिम हुनेछ।

(२) एमेच्योर रेडियो क्लब स्टेशनमा रहने रेडियो यन्त्र, फ्रिक्वेन्सी, पावर लगायत अन्य सुविधाहरु त्यहाँका सदस्यहरुले प्राप्त गरेको तह र श्रेणी बमोजिम हुनेछ ।

(३) लाइसेन्स प्राप्त व्यक्तिले मात्र क्लब स्टेशन प्रयोग गरी सञ्चार गर्न सक्नेछ ।

(४) लाइसेन्सको तह तथा श्रेणी अनुसर मात्र क्लब स्टेशनका रेडियो यन्त्र प्रयोग गर्ने तथा आफूले रेडियोमा सम्पर्क राखेको एमेच्योरको लगबुक राख्नुपर्नेछ ।

MoCIT

(५) दुई वा दुई भन्दा बढी एमेच्योर रेडियो अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्स प्राप्त व्यक्तिहरु सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यलयमा वा कम्पनी रजिष्ट्रारको कार्यालयमा गैरनाफामूलक संस्था (एमेच्योर रेडियो क्लब वा लिग) को रुपमा दर्ता भएको हुनु पर्नेछ ।

(६) एमेच्योर रेडयो क्लबका सदस्यहरुले संस्थाको संचालनको लागी परस्पर योगदानको आधारमा आर्थिक संकलन गर्नु पर्नेछ ।

(७) कुनै एमेच्योर रेडियो क्लबले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एमेच्योर रेडियो संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछ ।

(८) कुनै एमेच्योर रेडियो सञ्चालकले आफुले सदस्यता प्राप्त गरेको एमेच्योर रेडयो संस्थाबाट मन्त्रालयको सहमति तथा विभागको स्वीकृतिमा एमेच्योर रेडियोहरु सहयोगको रुपमा प्राप्त गर्न सक्नेछन् । त्यसै गरी मन्त्रालयले मान्यता प्रदान गरेको कुनै एमेच्योर रेडयो संस्थाले नेपाल बाहिरबाट नेपालमा स्थापना भएका क्लब स्टेशनहरुका लागी अनुदानमा उपकरण प्राप्त गर्ने व्यवस्था गर्न सक्नेछ ।

(९) प्रत्येक एमेच्योर रेडियो क्लबले बर्षमा कम्तीमा एक पटकमा नघटाई एमेच्योर रेडयो डाइरिक्सन फाईण्डीङ र फिल्ड डे (आकस्मीक अवस्थाको सञ्चार अभ्यास ) आयोजना गर्नु पर्नेछ ।

(१०) अन्य थप सुविधाहरु र सञ्चालनका शर्तहरु मन्त्रालयले समयानुसार परिवर्तन गर्न सक्नेछ।

MoCIT

## अनुसूची -२

## (अनुसूची -१ को दफा ५ सँग सम्बन्धित)

## परिचयपत्रको ढाँचा

## (नेपाली भाषामा)

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना तथा प्रसारण विभाग**

एमेच्योर रेडियो कन्ट्रोल अपरेटर वा एमेच्योर रेडियो सञ्चालकको लाइसेन्सको
परिचयपत्र

(२५mm x ३०mm)
साइज तस्वीर

व्यक्तिको नाम :
ठेगाना :
लाइसेन्स न. : कल साइनः
लाइसेन्सको श्रेणीः
प्रयोग गरिने स्थानः
उपकरणको विवरणः

Make: जारी गर्ने अधिकारीको
Model No: सहीः
Power: नामः
S. No.: No. of Set: पदः
ब्लड ग्रुपः सम्पर्क न.: मितिः

Note: यो परिचय पत्रलाई अन्य प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन।

परिचयपत्रको अवधि

| मिति | | प्रमाणित गर्नेको आधिकारिक दस्तखत, पद र कार्यलयको छाप |
|---|---|---|
| देखि | सम्म | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

# अनुसूची -२

## (अनुसूची -१ को दफा ५ सँग सम्बन्धित)
## परिचयपत्रको ढाँचा

## (अंग्रेजी भाषामा)

Government of Nepal
Ministry of Communication and Information Technology
**Department of Information and Broadcasting**
**Identity Card**
for License of amateur radio control operator or amateur radio director

Name of person:

Address:

License No.: Call Sign:

Class of License:

Place of Amateur Radio Station:

Details of Amateur radio:

(25mm×30 mm)
Size photo

| | | |
|---|---|---|
| Make: | | Issuing authority's |
| Model No: | | Signature: - |
| Power: | | Name: - |
| S. No.: | No. of Set: | Designation: - |
| Blood Group: | Contact No.: | Date: - |

Note: This identity card cannot be used for any other purpose.

Validity of Identity Card

| Date | | Official Signature, Title and Office Seal of the Attesting Person |
|---|---|---|
| From | To | |
| | | |
| | | |
| | | |
| | | |
| | | |